स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म'पूर्णबहादुरको सारङ्गी'ले व्यापार र विवाद दुवैमा कीर्तिमानी बनाइरहेको छ। कथा चोरीको आरोपमा फिल्मविरुद्ध नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा निवेदन समेत दर्ता भइसकेको छ । यतिबेला फिल्मको प्रदर्शनलाई लिएर अर्को विवाद चुलिएको छ । फिल्मका निर्माताले शोमा विभेद भएको भन्दै सोमबार बाट प्रदर्शन स्थगन गर्ने घोषणा गरेका थिए । तर, निर्माताको निर्णय वितरकले मान्न तयार भएनन् ।

आजको विचार...



नेतृत्वको...

(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल



मेलिनाको'मैले जिउँने संसार'मा कुञ्साङ्ग र आरजुको अभिनय गायिका मेलिना राई र गायक बलबहादुर राजबंशीको स्वर रहेको 'मैले जिउँने संसार' सार्वजनिक भएको छ। रमेश मास्केको शब्द रहेको गीतमा सङ्गीत स्वयम् गायक बलबहादुर राजवंशीकै छ। गीतमा सङ्गीत संयोजन सुरज श्रेष्ठले गरेका हुन्। गीतमा नायक कुञ्सङ्ग बोम्जन र आरजु चौधरी राजबंशीको अभिनय देख्न सकिन्छ। गीतको छायाङ्कन तथा सम्पादन पवन सुसलिङ्ले गरेका हुन्। जीवन शाहीको निर्देशन रहेको भिडियोमा कुञ्साङ्ग र आरजुको रोमान्टिक अन्दाज देख्न सकिन्छ।

❒ वर्ष ३० ❒ अंक १३८ ❒ २०८१ मंसिर २६ गते बुधबार 11 December 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## ‘मानव अधिकार’ अवस्था खस्कँदो

**आर्थिक, सामाजिक, राजनीतिक सम्बद्ध घटनालाई कानुनी दायरामा ल्याउन आवश्यक उजुरी प्रहरी प्रशासनले नलिने, कारवाहीमा आलटाल गरी मेलमिलापका लागि दवाब दिने प्रवृत्ति बढेको पाइएको छ । स्थानीय तह क्रियाशील भएको अवस्थामा पनि संक्रमणकालीन अवस्था विद्यमान रहेकाले अधिकारबाट वञ्चित रहनुपर्ने अवस्था छ ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर २५/मंगलबार नेपालसहित विश्वभर अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइयो । हरेक वर्ष १० डिसेम्वरमा यो दिवस मनाउने गरिन्छ । दिवस मनाइने गरिए पनि मानव अधिकारको अवस्था भने खस्कँदो छ ।

नेपालमा पटक-पटक दोहोरिने मानव अधिकार उल्लैनका घटना, हिंसाजन्य गतिविधि तथा दण्डहीनताका कारण पीडकहरू उम्किरहेका घटनाहरूले मानव अधिकारका पक्षधर तथा पालक लगायत नागरिकलाई गिज्याइरहे जस्तो त देखिन्छ नै, सरकार तथा मानव अधिकारवादी संघसंस्थाका अगाडि ठाडो चुनौतीका रूपमा त्यस्ता घटना खडा भएका छन् । अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एम्नेष्टि इन्टरनेशनलले समेत नेपालमा मानव अधिकारको अवस्था दयनीय बन्दै गएको बताउँदै आएको छ । पर्याप्त आवासको अधिकार, अत्यधिक बल प्रयोग, श्रमिकको अधिकार, यातना तथा दुर्व्यवहार, संक्रमणकालीन न्याय, दण्डहीनता र विभेद लगायत पक्षमा सरकारको ध्यान नपुगेको भन्दै एम्नेष्टिले सचेत गराउँदै आएको छ । पछिल्लो समय मानव अधिकारको सवालमा सबैभन्दा बढी न्याय सेवाप्रतिको गुनासो आउने गरेको छ । आर्थिक, सामाजिक, राजनीतिक सम्बद्ध घटनालाई कानुनी दायरामा ल्याउन आवश्यक उजुरी प्रहरी प्रशासनले नलिने, कारबाहीमा आलटाल गरी मेलमिलापका लागि दबाब दिने प्रवृत्ति बढेको पाइएको छ । स्थानीय तह क्रियाशील भएको अवस्थामा पनि संक्रमणकालीन अवस्था विद्यमान रहेकाले अधिकारबाट वञ्चित रहनुपर्ने अवस्था छ । मानवीय मूल्य मान्यता तथा स्वतन्त्रता, अधिकार तथा मानव विकासका लागि आवश्यक पर्ने चौतर्फी ढोका खोल्ने मानव अधिकारको उल्लैन, संवैधानिक व्यवस्था तथा प्रावधानहरूलाई सिधैँ उल्लैन गर्दै राज्यशक्तिलाई नै ठाडो चुनौती दिने खालका पछिल्ला घटनाहरूबाट नै मानव अधिकारको अवस्था बारे प्रष्ट हुन्छ । नेपालको संविधान र कानुनले सबै जाति, वर्ग, लिङ्ग बीच समानता कायम गर्ने व्यवस्था गरे पनि व्यवहारमा पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । समाजमा अहिले पनि हुनेखाने र हुँदाखाने बीचको विभेद, हत्या, हिंसा, बलात्कार, बलात्कारपछि हत्या, जातीय छुवाछूत, वादी, छाउपडीजस्ता कुप्रथा न्यूनीकरण हुनसकेका छैनन् । सशस्त्र द्वन्द्वका पीडितले अहिलेसम्म न्याय पाएका छैनन् । मानव अधिकार उल्लंघनका घटना सरकारी निकायमा रहेकाबाट हुने र राज्यले संरक्षण गर्न नसक्दा राज्यका निकायबाहेकबाट ज्यादती हुने गरेको मानव अधिकारकर्मी केदार गौतम बताउँछन् । संविधानमा मौलिक हकको व्यवस्था भए पनि कार्यान्वयन नहुनु, राज्यका निकाय कमजोर हुनु, संवैधानिक निकाय कमजोर हुँदै जाँदा मानव अधिकार उल्लंघनका घटना बढ्दै गएको उनको विश्लेषण छ । अदालत विग्रहको सिकार हुनु, अदालतप्रति जनआस्था घट्नु र शान्ति प्रक्रियालाई नै ठीक ढंगले अघि नबढाएका कारण मानव अधिकार उल्लंघन भइरहेको उनको भनाइ छ । गौतमले भने ‘मानव अधिकारका क्षेत्रमा काम गर्ने संघ-संस्थाहरुले मानव अधिकारका विषयमा आवाज उठाउदै आएको भए पनि कार्यान्वयन तहबाटै काम हुन नसक्नु दुखद् हो ।’




### संक्षिप्त समाचार

## मुम्बईको कुर्ला पश्चिममा ४ को मृत्यु, २५ घाइते

(रासस/एएफपी)

**मुम्बई,** मंसिर २५/मुम्बईको कुर्ला पश्चिम एसजी बर्वे रोडमा सोमबार राति बसले पैदलयात्री र सवारी साधनलाई ठक्कर दिँदा कम्तीमा चार जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । बस अंधेरी तर्फ जाँदै गर्दा कुर्ला पश्चिममा दुर्घटना भएको थियो । प्रहरी उपायुक्त गणेश गावडेले पत्रकारहरूलाई भने,‘कुर्लामा बेस्ट बसले नियन्त्रण गुमाएर केही सवारीलाई ठक्कर दिएको छ । २५ जना घाइते भएका छन् भने चार जनाको मृत्यु भएको छ । घाइतेको अस्पतालमा उपचार भइरहेको छ । बसका चालकलाई नियन्त्रणमा लिइएको छ । अनुसन्धान चलिरहेको छ ।’ घाइतेहरूलाई कुर्लाको बीएमसीद्वारा सञ्चालित भाभा अस्पताल र सायन अस्पताललगायत नजिकका अस्पतालहरूमा लगिएको थियो । करिब २५ जना घाइतेलाई उपचारका लागि लगिएको भाभा अस्पतालका डा पद्मश्री अहिरेले बताए । तीमध्ये दुई जनाको मृत्यु भएको थियो भने एकजना घाइतेको उपचारका क्रममा मृत्यु भएको थियो ।

## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कर्मचारी आवश्यकता

**सारा मोटर कर्प्स**का लागि केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**संख्या :** महिला १ (एक), पुरुष ३ (तीन)

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८१/०८/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : कम्प्यूटर सम्बन्धी ज्ञान भएको, मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**सारा मोटर कर्प्स**

होलाङ्गदी, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१

E-mail : saramotorsales@gmail.com

## जिप दुर्घटनामा आठ जनाको मृत्यु



**चन्द्रपर (रौतहट),**मंसिर २५/बारामा गढीमाईको दर्शन गरेर सिराहा फर्कँदै गरेको बा १६ च ३१६२ नम्बरको जिप रौतहटमा दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ । पाँच जना घाइते भएका छन् । बारामा गढीमाईको दर्शन गरेर फर्किँदै गरेको जिप दुर्घटनामा परेको हो । पूर्वपश्चिम राजमार्गअन्तर्गत रौतहटको लमाहामा गए राति जिप दुर्घटना भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिए । जिप अनियन्त्रित भई रुखमा ठोकिएको थियो ।

**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अन्तराष्ट्रिय पर्वत दिवसको सन्दर्भ

अन्तराष्ट्रिय पर्वत दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ । संयुक्त राष्ट्रसंघीय पर्यटन संगठनको आह्वानमा हरेक वर्ष डिसेम्वर ११ अर्थात आजकै दिनमा यो दिवस मनाइँदै आइएको छ । जलवायु परिवर्तन र जनसंख्या वृद्धिका कारण पर्वतीय क्षेत्रमा परेको असर न्यूनीकरणप्रति जनचेतना जगाउने उद्देश्यले यो दिवस मनाउने गरिन्छ । हरेक वर्ष यो दिवस मनाउने गरिए पनि जोखिम अवस्थामा रहेका पर्वतहरु जोगाउने विषयमा भने कसैको पनि ध्यान जान सकेको छैन । यो अत्यन्त दुखको कुरा हो ।

प्राकृतिक सौन्दर्यताको प्रतिक, वातावरणीय विविधताको धौतक, हाम्रा हिमश्रृंखला र हाम्रा आफ्ना पहाड पनि हुन् । नदी नालाको श्रोत, जल, जमीन अनि जंगलको समिश्रण पनि हाम्रा विशाल पर्वत र हिमश्रृंखला नै हुन् । तराईका फाँट सिञ्चित गर्ने हाम्रा पहाड, अनि पहाडको गौरव बढाउने हाम्रा मधेसका उर्वरभूमिले गर्दा हामीले वातावरणीय विविधता र त्यसको उपयोगमा मानवीयता देखाउन नसकेको भन्ने कुरा अहिले आएर जतातत‍ै देखिन थालेको आभास हुन्छ । प्रकृतिका हरेक अवयवहरुको पहिचान र अस्तित्वलाई बचाई राख्ने काम मानवीय आधारभूत मूल्य र मान्यतालाई पनि अहिलेको समाजले विस्मृत जस्तै अवस्थामा देखाइरहेको छ । नदी नाला र ताल तलैयाहरुको संरक्षण नहुनु चुरे क्षेत्रको दोहनले हिमाल, पहाड र तराईका भू-भागमा बसोवास गर्नेहरु प्रति पर्ने प्रत्यक्ष र अप्रत्यक्ष वातावरणीय असरलाई सुक्ष्म र विस्तृत रुपमा कुनै पनि क्षेत्रबाट अध्ययन नहुने जस्ता घटनाले गर्दा हामी दिनप्रति दिन विभिन्न समस्याबाट घेरिदै गएका हौं ।

हाम्रो साझा भविष्यलाई जगेर्ना गर्ने हो भने जलवायुमा भइरहेको परिवर्तनविरुद्ध लडाइँ लड्न आवश्यक छ । सुन्दर पर्वत जोगाउने अहिलेको चुनौती सरकार एक्लैले मात्र थेग्न सक्दैन । नागरिक समाज, निजी क्षेत्र, सामाजिक संघसंस्था, समाजका प्रतिष्ठित संस्था सबैको सहकार्य हुन जरुरी छ । यो मुद्दा कुनै राजनीतिक पार्टी विशेष वा सरकार विशेषको रुचि र प्राथमिकताको विषय मात्रै हुन सक्दैन । यसको प्रत्यक्ष मारमा समाजको सबै वर्ग, समुदाय र क्षेत्र परेको छ । त्यसैले राष्ट्रिय एजेण्डा बनाएर सरकार,राजनीतिक दल, सरोकारवाला निकाय र समाजका सबै तह र तप्काबीच हातेमालो गर्दै यसविरुद्धको लडाइँ लड्न जरुरी छ । यसो गर्न सकियो भने मात्र हाम्रा पर्वतहरु जोगिन सक्छन् र हरेक वर्ष मनाइने अन्तराष्ट्रिय पर्वत दिवसको समेत सार्थकता रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने निश्चित छ ।

## Opinion @ Social Network


जरूरी छैन सबैले मेरो महत्त्व बुझुन
तराजुले त केबल तौल नाप्छ गुणस्तर हैन ।
(*कमला गाहाको फेसबुक स्टाटस* *https://www.facebook.com/Kamala.Gaha*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेतृत्वको असफलताको प्रमाण हो, परनिर्भरता



## प्रा. देवीभक्त ढकाल

*देशलाई परनिर्भर बनाउन जब राजनीति लाग्यो भने सजिलै परनिर्भर बन्दोरहेछ भन्ने उदाहरण बन्यो स्थानीय चामल । निर्यात नगन्य भएको देशले आयातमा मात्रै भर पर्ने अवस्था र व्यवस्था भनेको देश अब टाट पल्टने तरखरमा छ भन्ने बुझ्दा हुन्छ । के नयाँ नेपाल भनेको टाटा पल्टेको नेपाल हो ? अहिलेको नेतृत्वसँग नेपाललाई आत्मनिर्भर बनाउने न सोच छ, न शिक्षा, न दृष्टिकोण छ, न कुनै इच्छाशक्ति छ ।*

यसपटक धेरै दिनपछि चितवन गयौं । धेरै दिन बस्ने कार्यक्रम नभएकाले थोरै मात्रामा चामल किन्न नारायणगढ बजारका चामल पसलतिर लागेँ । नारायणगढ देशकै अन्नको ठूलो बजार हो, चितवन नेपालकै अन्न भण्डारमा पहिचान बनाएको जिल्ला हो । खाद्यान्नको पसलमा गएँ । स्थानीय चामल मागेँ, छैन भन्ने उत्तर आयो । एवं रितले धेरै खाद्यान्नका पसल चाहरेँ । नेपाली चामल पाइएन । म आश्चर्यचकित भएँ । कृषिप्रधान देशको खाद्यान्नमा परनिर्भरताको यात्राप्रति ग्लानि भयो । धिक्कार लाग्यो । देशलाई आत्मनिर्भरताको जबरजस्त नारा दिने राजनीतिका ठेकेदारको खाद्यान्न बजारमा देखिएको नकारात्मक उपलब्धिलाई दुर्भाग्यको संज्ञा दिए । अन्नको भण्डारमा चामल जस्तो अत्यावश्यक स्थानीय खाद्यान्न किन्न नपाइने ? के हाम्रो राजनीतिक परिवर्तनको गन्तव्य यहीं हो ? राजनीतिक परिवर्तनप्रति नकारात्मक दृष्टिकोण उत्पन्न गर्ने परनिर्भरताको यो अवस्थाले राजनीतिका ठेकेदारप्रति एकाएक आक्रोश र घृणा जाग्यो । खाद्यान्नमा परनिर्भरताले सिर्जित अनुत्तरित प्रश्नले मन अमिलियो । त्यो क्रममा एकजना पसलेलाई सोधेँ । स्थानीय चामल पाइने पसल तपाइँलाई थाह छ ? उनले भने बजारमा अहिले भारतीय चामलको मात्रै कारोबार छ । आजकल नेपाली चामल नारायणगढको बजारमा खोज्नु भनेको स्यालको सिङ खोज्नु जस्तै हो । के लोकतान्त्रिक शासनको प्रायोजित गन्तव्य परनिर्भरता हो ? शासन व्यवस्था र सरकारको गतिविधि, योजना, कार्यक्रम सम्पूर्ण असफल भएको अनुभूति भयो । हुन त प्रजातान्त्रिक व्यवस्थामा अहिलेसम्म एक कार्यकाल पूरा बिताएका प्रधानमन्त्री कोही छैन ? यो धरातलमा प्रजातान्त्रिक सरकारलाई मूल्यांकन गर्दा २०४७ को संविधानपछिका सबै सरकार र प्रधानमन्त्रीहरू असफल प्रमाणित भए । चितवनमा यतिबिघ्न भारतीय चामलको एकाधिकार छ भन्ने सोचेकै थिइन ।

देशलाई परनिर्भर बनाउन जब राजनीति लाग्यो भने सजिलै परनिर्भर बन्दोरहेछ भन्ने उदाहरण बन्यो स्थानीय चामल । निर्यात नगन्य भएको देशले आयातमा मात्रै भर पर्ने अवस्था र व्यवस्था भनेको देश अब टाट पल्टने तरखरमा छ भन्ने बुझ्दा हुन्छ । के नयाँ नेपाल भनेको टाटा पल्टेको नेपाल हो ? अहिलेको नेतृत्वसँग नेपाललाई आत्मनिर्भर बनाउने न सोच छ, न शिक्षा, न दृष्टिकोण छ, न कुनै इच्छाशक्ति छ । त्यसैको परिणाम हो हाम्रो गरिबी, पछौटेपन र नेपाली बजारमा विदेशी उपभोग्य बस्तुहरूको रजगज । अब प्रश्न आउँछ नेपालको धान उत्पादन गयो कहाँ ? यसको उत्तर हो सबै भारत गयो । आफ्नो शुद्ध र ताजा उत्पादनलाई निर्यात गरेर भारतीय सडेगलेको चामल जनतालाई खान बाध्य पार्ने, जनताबाट निर्वाचित हुने तर प्राथमिकतामा जनता नपर्ने सरकारलाई कसरी र किन जनताको सरकार भन्ने ? प्रश्न उठ्छ सरकारको जिम्मेवारीमा हुनेहरूको उपलब्धि के ? पदीय हैसियत अनुसार भ्रष्टाचार गरेर व्यक्तिगत धन सम्पत्ति, जायजेथा, गरगहना जोड्ने । नैतिकता, इज्जत, प्रतिष्ठा, इमानदारी र इन्टिग्रिटीको भने लिलाम गर्ने । हामीले प्रगति गरेका छौं भनेर सरकारका पूर्व र वर्तमान प्रधानमन्त्री, मन्त्रीहरू फाँइफुट्टी लगाउँछन् तर यत्रतत्र सर्वत्र भताभुंग-लथालिंग गर्नेहरूले मेरो पालामा तरक्की गरेको थिएँ भन्न कत्ति लजाउँदैनन् । लाज हराएका नेताहरूको शासनमा बस्न र आत्मनिर्भरतालाई तिलाञ्जलि दिएको देशको नागरिक बन्न कति कठिन हुन्छ ? यो वेदना र आर्तनादलाई बुझ्ने, कथनी, करनी दुबै एउटै भएको नेतृत्व देशले कहिले पाउने ? लथालिंग र भताभुंगलाई नै विकास, समृद्धि भन्नेहरूले जबसम्म सत्ता, शक्ति कब्जा गर्ने परिस्थिति बन्छ त्यो बेलासम्म नेपालर र नेपालीका दुर्दिनले किमार्थ छोड्ने छैनन् । जनताप्रति बेइमानी गर्नेहरू जसले तथाकथित राष्ट्रवादको मुकुण्डो भिरेका छन् तिनीहरूको शासनबाट देशले कहिले मुक्ति पाउला भन्ने चिन्ता लाग्यो । हिजो नारायणी नदी हुँदै डुंगाबाट चितवनको धान भारत निर्यात हुन्थ्यो । चितवनको खाद्यान्न भारतको पश्चिम बंगालको भागीरथीको किनारमास्थित मुर्सिदावादसम्म पुग्थ्यो । खाद्यान्नको निर्यात चीनमा पनि हुन्थ्यो । पञ्चायतकालमा धान-चामल निर्यात कम्पनीले खाद्यान्न निर्यात गर्दथ्यो । के बहुदलीय व्यवस्थाको उपलब्धि, प्रगति खाद्यन्नमा परनिर्भरता हो ? हिजो खाद्यान्न निर्यात गर्ने देश आज राजनीतिक परिवर्तनपछि युवा निर्यात गर्ने देशमा परिणत भयो । चितवन जस्तो अन्नको भण्डारको पहिचान बनाएको जिल्लामा भारतीय चामलको मात्र कारोबार हुने परिस्थिति भनेको युवा निर्यात गर्ने योजना र कार्य योजनाले सिर्जित नकारात्मक प्रतिफल हो । पञ्चायतको विरुद्धमा आन्दोलन हुँदै गर्दा सबै पार्टीका मुखियाहरूले देशलाई सिंगापुर, स्विट्जरल्याण्डदेखि नयाँ नेपाल बनाउने सपना बाँडे तर अहिले सत्तामा हुनेहरू करोडौंको घडी, तीसौं लाखको ब्यग बोक्छन् । सामान्य उपचारका लागि दिल्ली एयर एम्बुलेन्समा जान्छन् । उनीहरूका लागि नेपाल नै युरोप, अमेरिका बन्यो । हिजो स्वर्ग समान देशलाई आज यिनीहरूले जनताका लागि नर्क बनाए । नर्क बनाउनेहरूका लागि जहिलेसम्म यो देश स्वर्ग हुन्छ, त्यसस समयसम्म जनताका लागि नर्क हुन्छ । सत्तामा र पहुँचमा हुनेहरू प्राय: सबै भ्रष्टाचार, अनियमितता, कुशासनका कारण रोडपतिबाट करोडपति मात्रै होइन अर्बपति बने । जनताको हालत दिनप्रतिदिन खस्कँदो छ । त्यस्तो व्यवस्था, सरकार र नेतृत्व जनतालाई किन चाहियो ? युवाहरूलाई निर्यात गर्ने योजनाका कारण नेपालले आत्मनिर्भरतालाई तिलाञ्जलि दियो । यो योजना आत्मघाती योजना हो । परनिर्भरताको मुख्य कारण यहीं हो । आतमघाती योजनामा गर्व गर्ने सरकारलाई के संज्ञा दिने ? यो गम्भीर र फदयविदारक घटनाको जिम्मेवारी कसले लिने ? आनो जमिनलाई बाँझो राख्ने षड्यन्त्र भनेको युवाहरूको निर्यातको गलत योजना हो किनकि युवाहरूले उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दथे । तसर्थ देश खाद्यान्नमा आत्मनिर्भरमात्रै थिएन निर्यातसमेत गर्दथ्यो ।

आज विचार शून्यको शासनले देशलाई खाद्यान्न आयात गर्ने अवस्थामा पुऱ्यायो । देश विकासका लागि महत्वपूर्ण योगदान गर्दै आएका कागज, जुत्ता, चिनी, कृषिऔजार, कपडा, धागोलगायत अनगिन्ती उद्योगहरूलाई कमिसनको लोभमा कौडीको भाउमा बेचेर देशलाई परनिर्भरताको खाडलमा जाकेँ । फेरि अर्को माओवादी भन्ने खाओवादी लुट, जबरजस्तीवादीले तर्साएर थप विकृति सिर्जना गर्ने हेतुले राजतन्त्र, हिन्दुराज्यको धर्म र मर्ममा प्रहार गर्ने कामले देश झन् लथालिंग र भताभुंग पार्ने योजनाको प्रतिफल हो ।

खुट्टादेखि टाउकासम्म विदेशी वस्तु लगाउन बाध्य नागरिकले समृद्धिको सपना देख्नुभनेको सोम शर्माको कथा जस्तै हो । आव २०७९/०८० मा नेपालले खाद्यान्न साढे ५६ अर्बको आयात गरेकोमा निर्यात ६९ लाख ४६ हजारको गऱ्यो । त्यस अवधिमा खाद्यान्नबाट मात्रै ५६ अर्ब ६१ करोड ८४ लाख व्यापार घाटा भयो । युवाहरूलाई निर्यात गर्दा खेतीयोग्य १० लाख हेक्टरभन्दा धेरै जमिन बाँझै रफयो । आ्नो जमिन बाँझै राख्ने र खाद्यान्न आयात गर्ने सरकारको नीतिको जति आलोचना गरे पनि कम हुन्छ । के परनिर्भरता हाम्रो विकासको गन्तव्य हो ? परनिर्भरतालाई समृद्धि मान्नुपर्ने हो ? युवाहरूलाई निर्यात गरेर देशलाई परनिर्भर र वृद्धाश्रम बनाउने व्यवस्था कसरी र किन उत्तम भयो ? भ्रष्टाचारमा, मानव तस्करीमा र जनता ठग्ने विभिन्न उद्योगमा प्रधानमन्त्री, मन्त्री, उपसभामुख, उच्च तहका निजामती कर्मचारी आदि संलग्न हुने राजनीति के उत्तम हो ? पैसाका लागि मानव बेचविखन र ओसारपसार गर्ने राजनीतिक नेतृत्वले देशलाई रसातलमा पुऱ्यायो । सहकारी ठगीको बजारमा प्रवेश गर्ने हो भने सबै पार्टीका पदाधिकारीले सहकारीलाई ठगेर आफ्नो बन्दोबस्त गरेको छताछुल्ल भयो । परिणामस्वरूप राजनीति ठग्ने व्यवसायमा चिनिएको छ ।

राजनीतिक नेतृत्व आफू र आफ्नाका लागि सफल तर देश र जनताका लागि सधैं किन असफल ? यो प्रश्न कहिलेसम्म अनुत्तरित हुने ? पञ्चायत आत्मनिर्भरतातिर उन्मुख हुँदै थियो । केही आधारभूत उद्योग उत्पादन र रोजगारी उन्मुख थिए । युवाहरू विदेशिने रोग भित्रिएको थिएन । बहुदलीय शासनपछि युवाहरू देशभित्रै रहँदा शासकहरूको र व्यवस्थासमेतको विरोध हुन्छ भनेर विरोधबाट बच्ने उपायको रूपमा बहुदलीय शासकले युवालाई निर्यात गर्ने राष्ट्रघाती योजना बनाए । युवासँगसँगै मुद्रासमेत बाहिरिएका कारण देश चरम आर्थिक संकटमा छ । नागरिकलाई अनागरिक बनाउने योजनाले एक युवाले साथमा बीसौं लाख लगेकाले अहिले युवा र धन बाहिरिएकाले निर्यात नगन्य छ भने आयात चुलिएको छ । युवा निर्यात गर्ने राष्ट्रविरोधी योजनाको सिकार आज सिंगो देश भएको छ । युरोप, अमेरिका र अष्ट्रेलियामा पढ्ने बहानामा गएका हाम्रा सन्तति फर्कँदैनन् । अब गाउँमात्रै होइन शहरका घर पनि खाली हुने दिन टाढा छैनन् । शिक्षित र नयाँ सोच हुने युवालाई निर्यात गर्ने देशले विकास, समृद्धिको नारा बर्बराउनु भनेको जनतालाई ढाँट्ने योजना हो । कृषि प्रधान देश अहिले सबैजसो खाद्यवस्तु आयातमै भरपर्नुपर्ने भयो । आत्मनिर्भरता भनेको खाद्यान्न पनि आयात गर्नुपर्ने हो ? वर्तमान राजनीतिक पद्धति र नेतृत्वसँग जनताको विश्वास छैन । जनताको विश्वास गुमाएको नेतृत्व र व्यवस्था दुबैको विकल्प नै अबको राजनीतिक गन्तव्य हुनुपर्छ । अब नेतृत्वको चित्र परिवर्तन गरेर हुँदैन चरित्र परिवर्तन गर्न अनिवार्य छ । वर्तमान पद्धतिबाट चरित्र परिवर्तन सम्भव देखिँदैन । तसर्थ चित्र र चरित्र परिवर्तन गरेर देशलाई आत्मनिर्भर र युवा शक्ति पलायनलाई रोक्ने, सबै युवाहरूलाई राष्ट्र निर्माणमा परिचालन गर्ने नेतृत्व, पद्धति नै देशको आवश्यकता र जनताको चाहाना हो । अनन्त सम्भावना बोकेको देशलाई परनिर्भरताको खाडलमा जाक्नेहरू सबैलाई जेलमा जाक्ने हिम्मत भएको प्रधानमन्त्री नै विद्यमान कुशासन, भ्रष्टाचार, बेरोजगारी, अभाव र परनिर्भरताबाट मुक्ति दिने एकमात्र समाधान हो न कि भागबण्डाका आधारमा असफल, अक्षम र भ्रष्टहरूको पालैपालो नेतृत्व ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शत्रुहरू किनारा लाग्नेछन्। प्रतिस्पर्धामा पनि विजयी भइनेछ। | **तुला** : आलस्य गर्दा अवसर गुम्न सक्छ। खर्चको मात्रा पनि बढ्ने देखिन्छ। |
| **बृष** :अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ। | **बृश्चिक** :लाभ हुने काम प्रारम्भ गर्ने समय छ। साझेदारीमा राम्रो फाइदा हुनेछ। |
| **मिथुन** :योजना गोप्य राखेर अघि बढ्नुहोला। काम बिग्रन सक्छ। | **धनु** :कामको सन्दर्भमा विशिष्ट व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ। |
| **कर्कट** :अनुकूल समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। | **मकर** :जिम्मेवारी भने बढिरहनेछन्। बाध्यताले अप्ठ्यारोमा पार्न सक्छ। |
| **सिंह** : अरूको भरपर्दा काम रोकिन सक्छ। योजना कार्यान्वयन नहुन सक्छ। | **कुम्भ** :अप्ठ्यारोमा पनि काम बन्नेछन्। प्रयत्न गर्दा समयको सदुपयोग हुनेछ। |
| **कन्या** :पारिवारिक जमघटमा मन र माउनेछ। भेटघाटले नोक्सान हुनसक्छ। | **मीन** : व्यवसायमा लाभ हुनेछ। व्यावसाय विस्तारका लागि यात्रा पनि हुनेछ। |

# कला मनोरञ्जन

## 'दुखी आत्मा' मा कवि मुकारुङका कविता



चलचित्र 'दुखी आत्मा' कवि श्रवण मुकारुङका कविता सुन्न पाइने भएको छ । कवि मुकारुङले चलचित्र 'दुखी आत्मा'का लागि विभिन्न शीर्षकका १० वटा कविता लेख्नुभएको छ । दीपेन्द्र लामा लिखित तथा निर्देशित 'दुखी आत्मा'को पटकथा अनुसार कवि मुकारुङले रचेका ती कविता चलचित्रभित्र सिच्युसन अनुसार राखिएको बताइएको छ । 'माथि माथि शैलुङ्गेमा, तिमी तारेभीर, राई माइलाले गाउँ छोड्यो र' जस्ता गीतका रचनाकार मुकारुङले आफू 'दुखी आत्मा' मा फुलटाइमर कविका रूपमा आवद्ध हुन पाएकोमा खुशी व्यक्त गरे । 'चलचित्रका फराकिला दर्शक समूहमाझ कविता पुग्नु कुनै पनि स्रष्टाका लागि उत्साहजनक हो,' उनले भन्ने, 'म आफ्ना कवितालाई फरक प्लेटफर्ममा हेर्न आतुर छु ।' चलचित्रको प्रमुख पात्रको मनोविज्ञान र यसअघि मुकारुङले लेखेका कविताहरूको स्वभावबीच एकरूपता पाइएकाले उहाँलाई कविता रच्न लगाइएको निर्देशक लामाले प्रष्ट्याए । 'कवि मुकारुङका कविताले फिल्मको कलात्मक उचाइ र कथाको आयामलाई बढाउने काम गरेको छ ।

पात्रको कतिपय भाव र सोचाइलाई संवाद वा दृश्यमार्फत् प्रस्तुत गर्न गाह्रो हुन्छ, त्यसैले यसमा कविताको सहारा लिइएको हो,' निर्देशक लामाले भने । उनले मुकारुङका कविताहरूले आफ्नो फिल्मको पात्र र परिबेशलाई न्याय मिलेको दाबी गरे । मुकारुङका अधिकांश कविता 'दुखी आत्मा' का प्रमुख अभिनेता दयाहाङ राईमाथि फिचरिङ गरिएको बताइएको छ । क्लक वर्क कृएसनको ब्यानरमा हिमाल कडरियाको निर्माण अनि सुदीप ढकाल कार्यकारी निर्माता रहेको यो चलचित्रमा दयाहाङ राई, आँचल शर्मा, अनुपविक्रम शाही, बुद्धि तामाङ, रेयर राईलगायत कलाकार मुख्य भूमिकामा छन् । आलोक शुक्लाले खिचेको यो चलचित्र भ्यालेन्टाइन्स डेको अवसरमा-२ फागुनबाट प्रदर्शन हुँदैछ ।

*-इहिमालय टाइम्स डटकम*

## इभेन्टको नाममा बोलाएर कमेडियनको अपहरण



केही दिन अघि भारतीय अभिनेता तथा कमेडियन सुनिल पाल अपहरणमा परे । अपहरणकारीले एउटा कार्यक्रमको बहानामा मुम्बईबाट उनलाई मेरठ बोलाएका थिए । योजनाअनुसार अपहरणकारीले अग्रिम रकम दिएर हवाई टिकट पनि बुक गरे । तर ८ लाख फिरौती दिएपछि मात्र मुक्त भएको उनले आफ्ना फ्यान र मिडियालाई बताएका छन् । सुनिल पाललाई १५ दिनअघि अमित नामका व्यक्तिको फोन आएको थियो । उनले आफूलाई एउटा इभेन्ट कम्पनीको मालिकको रूपमा चिनाउँदै हरिद्वारको पाँचतारे होटेलमा जन्मदिनको पार्टी आयोजना गर्न चाहने बताए । डिल कन्फर्म गर्न आरोपीले सुनिल पालको खातामा पैसा पनि ट्रान्सफर गरिदिए । सुनिल पाल २ डिसेम्बरमा दिल्ली पुगे । त्यहींबाट इभेन्ट कम्पनीको गाडीमा हरिद्वार गए । बाटोमा हाइवेमा खानका लागि गाडी रोकियो । विषालु सुई लगाएर बोरामा फालिदिने धम्की हाइवेमा खाना खाएर सुनिल पाल कारतर्फ बढिरहँदा तीन जना फ्यानजस्तै फोटो खिच्नका लागि आए अनि उनलाई एउटा कारभित्र धकेले । आरोपीहरूले उनको मोबाइल खोसे ।

आँखामा पट्टी बाँधेर कारको पछाडि सुत्न भने । कसैले देखे वा हल्ला गरेमा गोली हान्ने धम्की उनलाई दिइयो । अभियुक्तले करिब एक घण्टा गाडी चलाएर एउटा घरको दोस्रो तल्लामा लगे । त्यहाँ धेरै मानिसहरू थिए । सुनिल पाललाई विषालु सुई लगाएर बोरा कोचेर फ्याँकिदिने धम्की दिइएको थियो । अपहरणकारीले २० लाख फिरौती मागे । त्यति ठुलो रकम मिलाउन सकिन्न भन्ने बताएपछि बिहान अपहरणकारीहरूले १० लाख मागे । श्रीमतीसँग पैसा माग्दा उनलाई चिन्ता हुन्छ भनेर सुनिलले साथीहरूलाई फोन गरेर पैसा मागे । साथीहरूले ८ लाख भारुको जोहो गरिदिए । अपहरणकारीहरूले मुम्बई फर्कन आफूलाई २० हजार रुपैयाँ पनि दिएको सुनिल पालले भनेका छन् ।

*-रातोपाटी डटकम*

## प्रकाश सपुत र परीक्षा लिम्बुले 'सोल्टिनी'मा जोडी बाँध्ने



फिल्म 'रंगेली' निर्देशन गरेर चर्चामा आएका निर्देशक अर्जुन सुवेदीले आगामी फिल्मको घोषणा गरेका छन् । 'सोल्टिनी' नामक सोसल ड्रामा फिल्मको शीर्ष भूमिकामा प्रकाश सपुत र परीक्षा लिम्बु देखिनेछन् । निर्माताले घोषणा भिडियोमार्फत फिल्मबारे जानकारी गराएका छन् । भिडियोमा कन्टेन्ट क्रिएटर साइग्रेस पोखरेल न्यारेटरको रुपमा प्रस्तुत छन् ।

पोखरेलले वाचनमा भनेका छन्, 'मानिसबाट मानिसलाई हुने छिःछि दूरदूर, अमानवता र जातीय भेदभाव मेटाउन कसैले त कदम अगाडि बढाउनैपर्छ, कि त पैताला जलाउनैपर्छ ।' भिडियो हेर्दा फिल्मले समाजमा विद्यमान जातिय विभेदको कथावस्तुलाई प्रस्तुत गर्ने बुझ्न सकिन्छ । सपुतले 'भीमसेन पोखरेल'को भूमिका निर्वाह गर्दै भनेका छन्, 'सोल्टिनी आयौ, अन्तिम पटक भेट्ने मौका दियौ । तिम्रो अनुहार हेर्न नपाई डोली चढ्छौ जस्तो लागेको थियो ।' अभिनेत्री लिम्बुले 'दिलासा राई' को भूमिका चित्रण गर्दै भनेकी छन्, 'सोल्टी, म तपाईलाई एकदमै माया गर्छु, यति धेरै की तपाईंले सोच्न पनि सक्नुहुन्न । तर हामी एक हुन सक्दैनौं ।' जातिय विभेदको कथावस्तुमा बनेको 'पूजार सार्की'मा पनि परीक्षा देखिएकी थिइन् । सपुतले निर्देशन तथा निर्माण गरिरहेको फिल्म 'वसन्त'को कथा पनि जातिय विभेदकै कथामा आधारित छ । 'सोल्टिनी'को कथा भोजपुरको कुनै गाउँमा आधारित रहेको भिडियोमा जनाइएको छ । प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिनेको र योलो इन्टरटेन्मेन्टको सहकार्यमा बन्न लागेको यो फिल्मको छायांकन पुस १५ देखि सुरु हुनेछ । फिल्मको प्रदर्शन २०८२ सालको असोज ३ गते संविधान दिवसको दिनलाई तोकिएको छ ।

*-अनलाइन खबर डटकम*

## प्रदीपको टिप्पणी 'नेपाली फिल्म फेमिली बिजनेशजस्तो भयो'



राम्रो वाक कला भएका अभिनेता हुन्, प्रदीप खड्का । उनी जुनसुकै विषयमा तर्कसहित आफ्नो धारणा राख्न माहिर छन् । तर, कहिले काहीं उनका अभिव्यक्ति उनकै लागि टाउको दुखाइको विषय बनिरहेको हुन्छ । कहिले फेसबुकमा लेखेको स्टाटस त कहिले विभिन्न कार्यक्रममा बोलेका कुराले धेरैपटक उनको आलोचना भएको छ । आइतबार एक कार्यक्रममा उनले दिएको अभिव्यक्ति पनि यतिबेला चर्चाको विषय बनेको छ । भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डमा आयोजित 'कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' ( किफ)को दोस्रो संस्करणको मिति घोषणा कार्यक्रममा प्रदीपले नेपाली फिल्म किराना पसल शैलीको फेमिली विजनेशजस्तो भइरहेको धारणा राखेका थिए । जसले गर्दा आमा निर्देशक, बुबा निर्माता, छोराछोरी हिरो-हिरोइन बनिरहेको उनको तर्क थियो । उनले भनेका थिए, 'आजसम्म नेपाली फिल्म फेमिली विजनेशजस्तो भइरहेको छ । त्यो पनि किराना पसल शैलीको । १० बजेसम्म बुबा पसलमा बस्ने । १० बजे सन्तान स्कूल गएपछि आमा पसलमा बस्ने । ३/४ बजे सन्तान फर्किएपछि उनीहरु पसलमा बस्ने अनि आमा घरभासा गर्न जाने जस्तो शैलीमा नेपाली फिल्म चलिरहेको छ । आमा निर्देशक, बुबा प्रोड्युसर, छोराछोरी हिरो-हिरोइन ।' प्रदीपको यो व्यंग्यात्मक टिप्पणीमा बोर्डको सभा हल हाँसोले गुञ्जिएको थियो भने उनी आफैंले पनि हाँसो रोक्न सकेका थिएनन् । कार्यक्रमको प्रमुख अतिथि रहेका चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले पनि हाँस्दै मुन्टो हल्लाएर प्रदीपको तर्कमा समर्थन जनाएका थिए । प्रदीपको उक्त टिप्पणी सन्तानलाई लिएर फिल्म बनाइरहेका आमाबुबाप्रति लक्षित थियो । नेपाली फिल्मलाई विजनेशको रुपमा हेरिनुपर्ने प्रदीपको धारणा छ । त्यसका लागि उनी कर्पोरेट कल्चर स्थापित हुन जरुरी देख्छन् । उनी भन्छन्, 'जब हामीले फिल्ममा कर्पोरेट कल्चर स्थापित गर्छौं, त्यो दिन डिजर्भिङले अवसर पाउँछन् । कर्पोरेट कल्चरले मैले यति लगानी गर्दा रिटर्न कति आउँछ भनेर सोच्छ । रिटर्न आउँछ भने लगानी गर्छ नभए गर्दैन ।' उनी नेपाली फिल्म क्षेत्रमा कर्पोरेट कल्चर र पोलिसी लेभलमा काम गर्न जरुरी रहेको ठान्छन् । प्रदीपले नेपाली फिल्मले शो नपाउने समस्याको समाधानका लागि कोटा सिस्टम लगाउन जरुरी रहेको पनि औंल्याए । 'हामीले 'प्रकाश'को बेला शो पाएन भनेर धेरै भन्यौं । यो समस्या समाधान गर्न एउटा पोलिसी बनाउन जरुरी छ,' उनले भने, 'कोटा सिस्टम हाम्रो नेपालमा धेरै छ । ३०/३५ प्रतिशत स्क्रिनमा शुक्रबार र शनिबार नेपाली फिल्मलाई आरक्षण गर्ने हो भने तीनवटा स्क्रिन भएको ठाउँमा नेपाली फिल्मले एउटा स्क्रिन अनिवार्य पाउँछ । त्यो हुँदा शोको समस्या नै हुँदैन ।'

*-फिल्मी खबर डटकम*

## फिल्ममा धेरै पारिश्रमिक लिने बाँदर !



चंकी पाण्डे, गोविन्द र शक्ति कपूरले फिल्म आंखेमा बाँदरसँग काम गरेको रमाइलो अनुभव साझागरेका छन् । यस फिल्ममा गोविन्दा र चंकी पाण्डे दुवै दोहोरो भूमिकामा देखिएका थिए । त्यतिबेलाको अनुभव साझा गर्दै फिल्मको अभिनेताहरूले भने, 'आँखे फिल्मको लागि सबैभन्दा धेरै पैसा कमाउने कुनै अभिनेता वा अभिनेत्री होइन, बाँदर थियो ।' चंकी पाण्डे, गोविन्दा र शक्ति कपुर हालै द ग्रेट इन्डियन कपिल शोको हिस्सा बनेका छन् । कार्यक्रममा एक कुराकानीका क्रममा शक्ति कपूरले भने, 'हामीले फिल्म आंखेमा सँगै काम गरेका थियौं जसमा दुई जना हिरो थिए । तर, वास्तविकतामा त्यो फिल्ममा तीन हिरोहरू थिए। गोविन्दा, चंकी र बाँदर।' शक्ति कपूरको कुरा सुनेर हाँस्दै चंकी र गोविन्दाले भने, 'हो, त्यो बाँदरले हामीभन्दा धेरै पैसा कमाएको छ ।' शक्तिले बाँदरलाई मुम्बईको सन एन्ड स्यान्ड होटलमा कोठा दिइएको बताए । उनले ठट्टा गर्दै भने, 'जब डेभिडले बाँदरलाई बोलाउँथे चंकी आउँथे । चंकीलाई बोलाउँदा बाँदर आइपुग्थ्यो ।' यसअघि पनि चंकी पाण्डेले हिन्दुस्तान टाइम्सलाई दिएको अन्तर्वार्तामा बाँदरको प्रसंग उल्लेख गरेका थिए । त्यतिबेला घटनालाई सेयर गर्दै चंकीले भनेका थिए, 'मलाई भनिएको थियो कि तपाईं बाहेक फिल्ममा सबैजना दोहोरो भूमिकामा छन् । मैले यो ठीक होइन भनें । त्यसपछि मलाई बाँदर दिइयो, त्यो बाँदरलाई म र गोविन्दाभन्दा धेरै पैसा दिइयो ।'

डेभिड धवनद्वारा निर्देशित यो फिल्म सन् १९९३ मा सिनेमाघरमा रिलिज भएको थियो । फिल्मका निर्माता अनीस बज्मी थिए । फिल्ममा चंकी पाण्डे र गोविन्दाका अलावा रितु शिवपुरी, शिल्पा शिरोडकर र रागेश्वरी लुम्बाको पनि महत्वपूर्ण भूमिका छ ।

*-डिसी नेपनल डटकम*

# ‘जलवायु परिवर्तनका कारण मानव जीवन नै संकटमा’



**पाल्पा,** मंसिर २५/जिल्लाको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले जलवायु परिवर्तनका कारण मानव जीवन नै संकटमा रहेको बताएका छन् । गैरसरकारी संस्था महासंघ पाल्पाको आयोजनामा भएको जलवायु उत्थानशिल कार्य सुदृढीकरणको लागि सचेतनामूलक अभिमूखिकरण कार्यक्रमलाई रामपुरमा सम्बोधन गर्दै उनले जलवायु परिवर्तनका कारण मानव जीवन संकटमा रहेको बताएका हुन् ।

नगर प्रमुख थापाले विश्व मै चुनौतिको रुपमा रहेको जलवायु परिवर्तनको उत्थानशिलताको कार्यका लागि गम्भीरताका साथ लाग्न आवश्यक रहेको उल्लेख गरे । विकाससँगै विनास निम्त्याई जलवायुमा ठूलो असर पुऱ्याएको भन्दै यसबाट नेपाल जस्तो देश बढी प्रभावित भएको उनले बताए । प्रकृतिको अधिक दोहन र कार्बन उत्सर्जनका कारण जलवायुमा आएको परिवर्तनले हरेक क्षेत्र र प्राकृतिक संरचनामा असर पुऱ्याएको थापाको भनाई छ । उनले जलवायु परिवर्तन उत्थानशिल कार्यका लागि हरेक स्थानीय तह र निकायले सोही अनुसारको नीति तथा कार्यक्रम एवं योजना बनाउनु पर्नेमा जोड दिए । कार्यक्रममा उपप्रमुख बालकुमारी थापाले चुनौतिको रुपमा रहेको जलवायु परिवर्तनको उत्थानशिलाका लागि मानवीय व्यवहारमा परिवर्तनसँगै सबै सचेत हुनु पर्ने आवश्यकता औंल्याइन् । उनले समयमै उत्थानशिल कार्य गर्न नसके मानव र पृथ्वीको भविष्य नै खतरामा पर्ने धारणा व्यक्त गरिन् । गैरसरकारी संस्था महासंघ पाल्पाका अध्यक्ष भोजराज तिमिल्सिनाले जलवायु परिवर्तन र यसको उत्थाशिलता कार्यका लागि सोही तरिकाको योजना तय गरेर जानू पर्ने औंल्याए । देशभरका ७ सय ५३ वटा पालिका मध्ये १ सय ५१ वटा पालिका बढी प्रभावित हुने र त्यस मध्ये पाल्पाका ७ वटा पालिका पर्ने भएकाले पहिलो चरणमा अभिमुखिकरण कार्यक्रमको थालनी गरिएको उनको भनाई छ । स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुलाई अभिमुखिकरण प्रदान गरिएको हो । कार्यक्रममा प्रशिक्षक सागर भण्डारीले जलवायु परिवर्तनको कारण, प्रभाव र असर, गण्डकी जलाधार र परिवर्तनको जोखिम, स्थानीय तह र जलवायु परिवर्तनको मुद्दा,उत्थानशिल कार्यका उपाय र प्रयास लगायतका विषयमा जानकारी गराएका थिए । कार्यक्रम गैरसरकारी संस्था महासंघ पाल्पाका अध्यक्ष भोजराज तिमिल्सिनाको अध्यक्षता, सचिव ठाकुर पराजुलीको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

### एनपिएल क्रिकेट : लुम्बिनी लायन्सको जित



**काठमाडौं,** मंसिर २५/नेपाल प्रिमियर लिग ९एनपिएल० अन्तर्गतको पहिलो खेलमा लुम्बिनी लायन्स चितवन राइनोजलाई पराजित गर्दै विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको खेलमा कप्तान रोहितकुमार पौडेलको ‘अलराउण्ड’ प्रदर्शनमा लुम्बिनी लायन्स चितवन राइनोजलाई ३३ रनले पराजित गर्दै विजयी भएको हो । प्रतियोगितामा लुम्बिनीको यो पहिलो जित हो । लुम्बिनीले दिएको एक सय ६८ रनको लक्ष्य पछ्याएको चितवनले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ३४ रन मात्र जोड्न सक्यो । चितवनका लागि ल्युक बेनकेनस्टनले सर्वाधिक ३१ रन बनाए । त्यस्तै, कप्तान कुशल मल्लले १७ बलमा एक चौका र एक छक्काको सहयोगमा २० रन जोडे । त्यस्तै, रवि बोपाराले १६ बलमा १२ रन बनाए । लुम्बिनीका लागि कप्तान पौडेलले चार विकेट लिए भने रामोन सिमोण्डसले दुई तथा साद विन जाफर र अभिषेस गौतमले समान एक-एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ६७ रनको योगफल बनाएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य तोलामा २ हजार १ सयले बढ्यो




**पाल्पा,** मंसिर २५/सुनको मूल्य तोलामा २ हजार १ सयले बढेको छ । मगलबार प्रतितोला १ लाख ५२ हजार २ सय रूपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

सोमबार प्रतितोला १ लाख ५० हजार १ सय रूपैयाँमा सुन कारोबार भएको थियो । चाँदीको मूल्य पनि तोलामा ६० रूपैयाँले बढेको छ । सोमबारको तुलनामा मंगलबार ६० रूपैयाँले बढेको हो । सोमबार प्रतितोला १ हजार ८६० रूपैयाँमा कारोबार भएकामा मंगलबार प्रतितोला १ हजार ९ सय २५ रूपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ । नेपालमा भन्सार दर घट्दा सुनको मूल्य घटे पनि अन्तर्राष्ट्रिय बजारमा भने मूल्य फेरि बढ्न थालेको छ । रुस अनि युक्रेन र इजरायल अनि हमासबीचको युद्ध चर्किन थालेपछि ओरालो लाग्न थालेको सुनको भाउ फेरि बढ्न थालेको हो । केही समय अघि युक्रेनले रुसमाथि मिसाइस प्रहार गरेपछि सुनको भाउ बढेको छ । सुरक्षित लगानी खोज्न व्यवसायीहरूले सुनमा लगानी बढाएपछि मूल्य उकालो लागेको बताइन्छ ।

## बिमालेख हराएको सूचना

यहि मिति २०८१/०७/१० गतेका दिन **लाईफ ईन्सोरेसन कपोरेसन नेपाल लिमिटेड**को सावित्रा खत्रीको नाममा जारी बिमा (पोलिसी) नम्बर २५०४०२४२१ को बिमालेख गुल्मीदरवार गाउँपालिकाको जुभुङदेखि तम्घासतर्फ जाँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।
**नाम :** सावित्रा खत्री
**ठेगाना :** गुल्मीदरवार गा.पा-६, गुल्मी
**सम्पर्क न :** ९८४९६८१०७४

# अन्तर्राष्ट्रिय पर्वत दिवस मनाइँदै




**पाल्पा,** मंसिर २५/अन्तराष्ट्रिय पर्वत दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाईदैछ । संयुक्त राष्ट्रसंघीय पर्यटन संगठनको आह्वानमा हरेक वर्ष डिसेम्वर ११ अर्थात आजकै दिनमा यो दिवस मनाईँदै आइएको छ ।

नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघलगायतका संस्थाहरुले विभिन्न कार्यक्रम गर्दैछन् । दिवसका अवसरमा पर्यटनसँग सम्बन्धित संघसंस्था तथा समूहहरुको आयोजनामा विभिनन्न कार्यक्रम आयोजना हुँदैछन् । हरेक वर्ष आजकै दिन (११ डिसेम्बर) मनाइने यो दिवस विश्वसामु यी महत्वपूर्ण तर उपेक्षित क्षेत्रको सम्मान गर्न आह्वान गर्ने दिन पनि हो । पछिल्लो समय जलवायु परिवर्तनका कारण हिउँ पग्लिदा हिमालहरुको अस्तित्व खतरामा परेको आरोहीहरु बताउँछन् । त्यस्तै सरकारले पर्वतारोहीहरुको उचित अनुगमन गर्न नसक्दा हिमालहरु फोहोर बन्दै गएको र पर्यावरणीय प्रदुषण बढ्दै गएको वातावरणविद्हरुको भनाई छ । पृथ्वीको २५ प्रतिशत भू-भाग पर्वतीय क्षेत्रले ओगटेको छ । विश्वको कुल जनसंख्याको करिब २० प्रतिशत मानिस यसै क्षेत्रमा बसोवास गर्छन् । हामी विविधतामा धनी छौँ, हिमाली उत्पादनका विषयमा हामीले गर्व गर्न सक्ने थुप्रै विशेषता छन् ।

हिमाली जडीबुटीमा हामी विश्वमै धनी छौँ, विशेष छौँ । तर, यही समयमा हामीसँग चिन्ता र चुनौतीहरू पनि बढेका छन् । विश्वमा बदलिँदो जलवायुका असर सोझै हाम्रा हिमाल र पर्वतहरूमा परिरहेका छन्, भूकम्पका कारण हाम्रा हिमालहरूको आधार हल्लिएको हुनसक्ने अनुमान गरिएका छन् । अनि हिमाली क्षेत्रमा पाइने वन्यजन्तु तथा वनस्पतिहरूको पनि लोप हुँदै गएको छ । पर्वत, हिमालमा भइरहेको ह्रासलाई न्यूनीकरण गर्न अब सोच्ने समय आएको छ ।

# जिप दुर्घटनामा...

...दुर्घटनामा परी सिरहाको अर्नामा नगरपालिका-३ बंठिया टोलका रामकुमारीदेवी महरा, रामकुमारी महरा, सकुन्तलादेवी महरा, उर्मिला महरा, लरुवतीदेवी महरा, महगीदेवी महरा, फुलमन्तीदेवी चमार र चालक श्रीकुमार यादवको मृत्यु भएको प्रहरी नायब राईले जानकारी दिए । मृतकहरूको चन्द्रनिगाहपुर अस्पतालमा सनाखत गरिएको हो । दुर्घटनामा घाइते भएका राधा राम, आर्यन राम, देवकुमारी महरा, रितिक महरा र कन्यादेबी महरालाई उपचारका लागी पर्साको वीरगञ्ज पठाइएको प्रहरीले जनाएको छ । *-रासस*

मनको आवाज............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई